# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं पौष २१ गते ०१ साल


## भाग ११

## बिजुलि अड्डाको
## सूचना

बिजुलीको नामसारी गर्ने विषयमा श्री ५ महाराजाधिराज तथा मौसूफका परामर्शदातृ-मण्डलबाट निम्नलिखित नियम पास भई आएकोले सर्वसाधारण बिजुली बत्ती, पावर, मोटर लिइराखेका ग्राहकहरूलाई थाहा होस भन्नाको निमित्त यो सूचना प्रकाश गरिन्छ।

१. **आजसम्म** एकाका नाउँको बत्ती, पावर, अर्कालाई कुनै बेहोराले दिइराखेको बदर गरी झिकिदिंदा धेरैलाई मर्का परी धेरै खलबल हुने देखिएकोले र जसका नाउँको बत्ती पावर हो, उसैको नाउँमा कायम राखिछोड्दा पनि नाउँ कायम नभई महसूल लिन बाधा पर्ने देखिएकोले जसका नाउँमा बत्ती पावर जे

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जो छ, आफ्नो नाउँमा कायम राख्ने अथवा अरु कुनै बेहोराबाट हक छाडी दिइरा-खेको भए सो बेहोरा खोली दर्तावालाले र दर्तावाला मरी वा अंशबन्डा भई अथवा जुनसुकै किसिमबाट भए पनि अरुका नाउँमा दर्ता भइरहेका बत्ती, पावरसमेत जे हो, सो चलन गरिरहनेहरुले समेत सो बेहोरा खोली आजका ३५ दिनभित्र आफू आफूले तिरी राखेका बिजुली पावरका महसूलका रसीदसमेत सामेल राखी बिजुली अड्डामा बिना टिकटका दरखास्त दिने गर्नू र सो म्यादभित्र दरखास्त पर्न नआए त्यस्ताका प्वाइन्ट काटिनेछ । यसमा अर्जी बिन्तिपत्रसमेत कुनै किसिमको उजुरी लाग्नेछैन ।

२. आफ्नु बत्ती वा पावर अरुलाई दिन झुट्टै बेहोरामा लागी दर्तावालाले समेत कारवाई चलाएका ठहरे सो बत्ती पावरका लगतै काटिनेछ ।

बिजुली अड्डा.

गोरखापत्र छापाखानाबाट प्रकाशित

392

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।